## संवत् २०८० साल भदौ १२ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू

| क्र.स. | मन्त्रालय | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|
| १. | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | संयुक्त अधिराज्यको लण्डनमा २०८० साल असोज ७ देखि १० सम्म आयोजना हुन लागेको "२८th Annual Conference and General Meeting of the International Association of Prosecutors" कार्यक्रममा महान्यायाधिवक्ता डा. दिनमणि पोखरेललाई सहभागी हुन स्वीकृति दिने। |
| २. | अर्थ मन्त्रालय | भन्सारसम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक सङ्घीय संसदमा पेश गर्न स्वीकृति दिने। |
| ३. | अर्थ मन्त्रालय | निजीकरण ऐन, २०५० बमोजिम प्रतिनिधि सभा सदस्यद्वय माननीय राजेन्द्र कुमार केसी र माननीय माधव सापकोटालाई निजीकरण समितिको सदस्यमा मनोनीत गर्ने। |
| ४. | उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालय | नेपाल औषधि लिमिटेडको रिक्त महाप्रबन्धक पदमा श्री कैलाश कुमार पनेरु, डडेल्धुरा लाई नियुक्त गर्ने। |
| ५. | ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय | विद्युतसम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०८० सङ्घीय संसदमा पेश गर्न स्वीकृति दिने। |
| ६. | गृह मन्त्रालय | अपराधसम्बन्धी राष्ट्रिय अभिलेख व्यवस्थापन तथा प्रहरी चारित्रिक प्रमाणपत्र वितरण निर्देशिका, २०८० स्वीकृत गर्ने। |
| ७. | परराष्ट्र मन्त्रालय | नेपाल र गणतन्त्र फिलिपिन्सबीच कूटनीतिक तथा सरकारी राहदानीबाहकलाई प्रवेशाज्ञा छुट दिनेसम्बन्धी सम्झौतामा हस्ताक्षर गर्न स्वीकृति प्रदान गर्ने। |
| ८. | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | भूमिसुधार तथा मालपोत कार्यालय र नापी कार्यालय, नेपालगञ्ज बाँकेको कार्यक्षेत्रमा राप्ती सोनारी गाउँपालिका वडा नं.३,४,५,६ र ७ (साविक साविकका बैजापुर गा.वि.स., विनौना गा.वि.स. र फत्तेपुर गा.वि.स.) थप गर्ने। |
| ९. | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय अन्तर्गत सञ्चालन हुने आयोजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्न आर्थिक वर्ष २०८०/८१ का लागि जम्मा ३८ राजपत्रांकित अधिकृतस्तरका अस्थायी दरवन्दी स्वीकृत गर्ने। |
| १०. | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | सहकारी क्षेत्र सुधार सुझाव कार्यदल, २०८० को म्याद मिति २०८०/४/२६ बाट लागू हुने गरी एक महिना थप गर्ने। |

| | | |
|---|---|---|
| ११. | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्न पूर्व स्वीकृति प्रदान गर्ने। |
| १२. | वन तथा वातावरण मन्त्रालय | साँगु खोला जलविद्युत आयोजना निर्माणका लागि दोलखा जिल्लाको विगु गाँउपालिकामा अवस्थित राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न दिने। |
| १३. | वन तथा वातावरण मन्त्रालय | माथिल्लो सुरीखोला जलविद्युत आयोजना निर्माणका लागि गौरीशंकर संरक्षण क्षेत्रको सरकारी वन क्षेत्रको जग्गा प्रयोग गर्न दिने। |
| १४. | वन तथा वातावरण मन्त्रालय | सागुँ खोला-१ जलविद्युत आयोजनाको विभिन्न संरचनाहरूको विकास निर्माणको लागि गौरीशंकर संरक्षण क्षेत्रको जग्गा प्रयोग गर्न स्वीकृति दिने। |
| १५. | वन तथा वातावरण मन्त्रालय | अरुण ३ जलविद्युत परियोजना निर्माणको क्रममा उत्पादन हुने वेष्ट म्याटर डिस्पोजलका लागि डम्पीङ क्षेत्र क्वेरी साइटको संरचनाहरू निर्माण गर्नका राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न स्वीकृति दिने। |
| १६. | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | वि.पी. कोइराला मेमोरियल प्लानेटोरियम तथा अब्जरभेटरी र विज्ञान सङ्ग्रहालय विकास समितिको कार्यकारी निर्देशक पदमा डा. सनत कुमार शर्मालाई नियुक्त गर्ने। |
| १७. | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | संयुक्त राज्य अमेरिकाको न्यूयोर्कमा आयोजना हुने दिगो विकास लक्ष्य सम्मेलन २०२३ विषयक कार्यक्रममा सहभागी हुनका लागि जिल्ला समन्वय समितिका प्रमुखहरू सुनसरीका श्री राजन मेहता, रसुवाका श्री अशोक कुमार घिमिरे, काभ्रेपलान्चोकका श्री दिपक कुमार गौतम, रुकुम पश्चिमका श्री लुम्बिनी गौतम र खोटाङ्गका श्री सन बहादुर राईलाई स्वीकृति प्रदान गर्ने। |
| १८. | सहरी विकास मन्त्रालय | नेदरल्याण्ड्समा हुने पुर्वाधार लगानी सम्बन्धी कार्यक्रममा माननीय शहरी विकास मन्त्री सीता गुरुङ्गको नेतृत्वमा सहभागी हुन स्वीकृति दिने। |
| १९. | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | इजिप्टको राजधानी कायरोमा आयोजना हुने Global Congress on Population Health and Development (PHDC'23) विषयक सम्मेलनमा माननीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री श्री मोहन बहादुर बस्नेतलाई सहभागी हुन स्वीकृति दिने। |
| २०. | नेपाल प्रशासन सेवा समुहीकरणतर्फको राजपत्राङ्कित विशिष्ट श्रेणीको रिक्त पदमा श्री दिनेशकुमार घिमिरेलाई बढुवा गर्ने। | |